परिवर्तनको लागि

# क्राईम अपरेशन

CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिको इ-पेपर www.crimeoperation.com.np मा लगइन गरी हेर्न सम्पूर्ण महानुभाव हरुमा हार्दिक अनुरोध गरिन्छ । सम्पादक

❑ वर्ष १० ❑ अंक ५ २०७८ भदौं ६ गते आईतवार Sunday 22, AUG 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## विरामीको आफन्तलाई ठग्ने विचौलिया

बिराटनगर । विरामीको आफन्तलाई कोशी अस्पताल लगायतका अन्य अस्पतालमा उपचार राम्रो नभएको भन्दै अन्य नीजी अस्पतालमा उपचार गर्ने प्रेरित गर्ने दुई जना विचौलीयालाई प्रहरीले पक्राउ गरेको छ ।



विचौलिया आनन्द साह र प्रधुम्न राय

घटनाको विवरण अनुसार जिल्ला मोरङ विराटनगर महानगर पालिका अन्तर्गत विभिन्न अस्पतालहरूमा उपचार गराउन आएका विरामी तथा विरामीका आफन्तहरूलाई भेटी "यहाँ डक्टर राम्रो छैन, यो अस्पतालमा कोरोना धेरै छ, उपचार राम्रो छैन" भन्ने जस्ता अफवाह फैलाई विरामी तथा आफन्तहरूलाई झुक्यानमा पारी आफ्नो सम्पर्कमा भएको अस्पताल वा क्लिनिकमा उपचारको लागि प्रेरित गर्नेहरुलाई पक्राउ गरेका हो ।

पक्राउ पर्नेहरुमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं.-८ अमरटोल बस्ने बर्ष १८ को प्रधुम्न राय र ऐऐ बस्ने बर्ष २३ को आनन्द कुमार साहलाई भदौ ३ गते पक्राउ गरी थप अनुसन्धान कार्य भई रहेको छ ।

तीनीहरुले सम्पर्कमा भएको फार्मेसीमा औषधी किन्न वाध्य गराउने विचौलीयाको कार्य गरी सर्वसाधारण नागरिकलाई दु:ख हैरानी दिने लगायतको अभियोग लागेका छन् ।

यस्तो किसिमको ब्यवहारबाट अन्य कोही पनि पीडित हुनु भएको छ वा हुन गई रहेको थाहा भएमा जिल्ला प्रहरी कार्यालय मोरङमा सम्पर्क गर्नु हुन समेत अनुरोध गरिएको छ । गर्न जिल्ला प्रहरी कार्यालय मोरंगले अनुरोध समेत गरेको छ ।

## मोरंग र सुनसरीको जुट (सनपाट) खेती विस्थापित हुन सक्ने किसानहरूको गुनासो

बिराटनगर । प्रदेश नं. १ मा रहेको अधिकांश जुटमिलहरु बन्द हुँदा जुट (सनपाट) खेती नै विस्थापित हुन थालेको किसानहरुले गुनासो गरेका छन् ।

जुटमिलको लागि कच्चा पदार्थको रुपमा प्रयोग हुने जुटको खेती गर्न किसानहरुले महँगो व्याजदरमा ऋण लिएर उत्पादन गरेको जुट विक्रीवितरणमा समस्या भएपछि किसानहरु चिन्तित बनेका हुन् ।

प्रदेश नं. १ मा सबै जुटमिलहरु सञ्चालन नभएको कारण किसानले उत्पादन गरेको जुट (सनपाट) खेतमै कुहेर नष्ट हुने सम्भावना बढदै गएको छ । किसानले लाखौं रुपैयाँ लगानी गरी उत्पादन गरेको सनपाट जुटमिलहरु बन्द भएका कारण लगानी समेत डुब्ने भएको छ ।

जुटमिलहरु बन्द भएका कारण जुट उत्पादन गर्ने किसानहरु मात्रै होईन जुट उत्पादनको लागि लाग्ने जनशक्ति मजदुरहरुको रोजगारी समेत गुमेका छन् । जुट उत्पादनमा श्रम लगानी बढी लाग्ने त्यस अनुसारको नाफा नहुने त्यसमा पनि विक्री वितरणमा समस्या भएकै कारण मोरङ र सुनसरी जिल्लाको हजारौं किसानहरुले सनपाट खेति गर्न छोडीसकेका छन् । सनपाट खेती गरेर कृषकहरुलाई मनग्य आम्दानी हुने गरेको तर जुटमिलहरु बन्द भएका कारण यतिवेला उत्पादित सनपाट कहाँलगेर बेचने स्थानीय किसान चेतुलाल साहले गुनासो गरेको छ ।

साहको अनुसार सनपाट खेतीबाट नै जिविकोपार्ज गर्दै आईरहको हुनाले अरु किसानहरुले कम जुट खेती गरेपनि मैले ३ बिघा क्षेत्रफलमा जुट (सनपाट) खेती गरेको बताउँदै सनपाटखेती गर्दा कट्ठामा ५ देखि १० हजार रुपैयाँसम्म लगानी भएको वताए । कृषक साहले यसअघि १५ विघा जग्गामा जुट (सनपाट) को खेती गदै आएका थिए ।

जुटमिलहरुले जुट (सनपाट) लाई कञ्चा पर्थाको रुपमा प्रयोग गरेर जुटको बोरा, डोरी लगायतका सामग्री उत्पादन गर्दै आईरहेको थियो । किसानले लगाएको सनपाट खेतीमा धेरै श्रम शक्ति लाग्ने भएकोले दैनिक ज्यालामजदुरी गरी खान सहज रहेको तर अहिले आएर जुट (सनपाट) को खेती गर्न किसानले छोडेपछि जिविकोपार्जन गर्न असहज भएको स्थानीय मजदुरहरुको भनाई छ ।

जुटमिल लगायत स्वदेशी उत्पादनलाई सरकारले संरक्षण गर्न किसानहरुलाई आधुनिक प्रविधि, प्रविधिक जनशक्ति, सिंचाईको व्यवस्था, कृषि औजारहरु, कृषि बैंकको स्थापना लगायतका क्षेत्रमा सरकारले व्यवस्था गर्नुपर्ने नेपाल उद्योग परिसंघ प्रदेश नं: १ का अध्यक्ष भीम घिमिरेको भनाई छ ।

जुट किसानहरुलाई पहिलो प्राथमिकतामा राखेर सबै जमिनलाई उर्वर बनाएर बाँजो रहेको खेतलाई समेत उर्वर कृषिजन्य उतपादन गर्ने तर्फ सरकारले ध्यान दिन जरुरी छ ।

प्रदेश नं: १ मा ११ वटा जुटमिलहरु स्थापना भएको छ जस मध्ये अहिले ४ वटा जुटमिल मात्र सञ्चालनमा रहेको छ । स्वदेशी उत्पादनलाई बिक्रि वितरण लगायत उचित मुल्यको वातावरण मिलाउने दायित्व सरकारले लिनुपर्छ ।

## डेन्टल एसोसिएसनमा गोलाप्रथाबाट अध्यक्ष निर्वाचित



डेन्टल एसोसिएसन मोरंगमा भएको निर्वाचणमा विजय भएपछि सामूहिक तस्वीरमा

बिराटनगर । दाँतको उपचार गर्ने चिकित्सहरुको संस्था नेपाल डेन्टल एसोसिएसन मोरंगमा भएको निर्वाचणमा गोलाप्रथावाट डाक्टर प्रेक्षादली अध्यक्ष पदमा निर्वाचित भएको छ ।

शनिवार विराटनगरमा सम्पन्न भएको निर्वाचनमा डाक्टर प्रेक्षा दली र उनकी प्रतिस्पर्धी डाक्टर नुतन नौलाखेले २४/२४ मत ल्याएकी ल्याएपछि निर्वाचन समितिले गोला प्रथावाट निर्णय गरेपछि गोलाप्रथावाट दली निर्वाचित भएको हो ।

एसोसिएसनमा ५० जना सदस्य भएपनि ४८ जनाले मत हालेको थियो । दुई जना सदस्य डाक्टरहरु अनुपस्थित रहेको थियो ।

दुई वर्ष कार्यकालको लागि नेपाल डेन्टल एसोसिएसन मोरङको अध्यक्षमा दली निर्वाचित भएकी हुन् । यसअघि सर्वसम्मतबाट एसोसिएसनको नयाँ नेतृत्व चयन हुँदै आएको थियो ।

एशोसिएसनको अन्य पदमा सर्वसम्मत रूपमा पदाधिकारी र कार्यसमिति चयन भएपनि अध्यक्षमा सहमति हुन नसकेपछि निर्वाचन भएको हो । अहिलेसम्मको इतिहासमा

वांकी अन्तिम पेजमा...

तुलसी प्याथोलोजी ल्याब एण्ड क्लिनिक
कोशी अस्पताल को अगाडी, विराटनगर
बिरामीहरूको लागि खुशीको खबर !!
ल्याब जाचमा ५०% सम्मको छुट
सम्पर्क नं. ९८४१३४८६४७ ९८१३२५४४७५
1. HBA1C
2. Lipid Profile
3. Liver Function Test (LFT)
4. Renal Function Test (RFT)
5. Thyroid Test (TFT)
6. Stool R/E
7. Urine R/E
8. Vit. D
9. Cardiac Function Test (CFT) etc...
नि:शुल्क सुगर जाँच
यो सेवा प्रत्येक शनिवारको लागि मात्र रहनेछ ।
समय: विहान ७:00 बजेदेखि दिउँसो १२:00 बजेसम्म ।

मेरिल्याण्डमा कक्षा ११ मा नयाँ भर्ना खुल्यो
व्यवस्थापन शिक्षामा राष्ट्रिय पहिचान बनाई विगत १९ वर्षदेखि देशभरिका कलेजहरुमध्ये लगातार टपटेनमा पर्दै आएको र यस वर्ष पनि नेपालमा नवौं स्थानमा पर्न सफल मेरिल्याण्ड कलेजमा कक्षा ११ मा नयाँ भर्ना खुलेको कुरा विनम्र अनुरोध गर्दछौं ।



मेरिल्याण्ड कलेज
रंगेली रोड, विराटनगर फोन नं. : ०२१-५१५५४०, ५७५२७५, ४७०४९२

# नेकपा समाजवादीद्वारा पेशकर्मीहरूको भेला




विराटनगर । नेपाल कम्यूनिष्ट पार्टी समाजवादी नेकपा (एकीकृत समाजवादी) ले केन्द्रमा पार्टी दर्ता भएसंगै विराटनरमा पेशाकर्मीहरुको भेला गरी आफ्नो गतिविधीलार्य तिब्रता दिएको छ ।

उक्त पार्टीले आफू समर्थित विभिन्न क्षेत्रमा कार्यरत पेशाकर्मीको उपस्थितिमा विराटनगर महानगरपालिकाको भेला सम्पन्न गरेको छ ।

; f] ehfnfQ; Dafyg ud[
Psls[ ; dhj fbsf s]Gb; bo

महेश रेग्मीले तत्कालिन पार्टी नेतृत्वले एकताका सबै ढोका बन्द गरेकोले अर्को पार्टी निर्माण गर्नु परेको भन्दै नेपालको कम्युनिष्ट पार्टीलाई एकलौटी कब्जा गर्ने, बद्नाम गर्ने एवम् समाप्त पार्ने कोशिस भएपछि आफूहरुले बाध्य भएर विद्रोह गर्नुपरेको वताए ।

नेकपा (एमाले) को पुनर्गठन गरी नयाँ पार्टी 'नेकपा (एकीकृत समाजवादी)' गठन गरिएको उनको भनाई थियो । नयाँ पार्टीले विगतका कमीकमजोरीलाई हटाउँदै समाजवाद को यात्रामा अघि बढ्ने र जनताको पक्षमा सँधै लागिरहने उनले दावी गरे ।

उक्त भेलामा पेशाकर्मीहरुको तर्फबाट सञ्जु साह, हिक्मत बस्नेत, भीम बस्नेत, देवी पन्थी, कोषराज न्यौपाने, डा. उद्धव पोखरेललगायत पार्टीका प्रदेश कमिटी सदस्य मणि दाहाल, लोचन राई, मृत्युन्जय झा, जिल्ला कमिटीका अध्यक्ष चन्द्रवीर राई, महानगर अध्यक्ष पारुल क्षेत्री, अनेरास्ववियुका सह-अध्यक्ष वसिम आलमलगायतले पार्टी पुनर्गठन अभियानको पक्षमा आ-आफ्नो धारणा राखेका थिए ।

# डेन्टल...

नेपाल डेन्टल एसोसिएसन मोरङमा निर्वाचन पद्धतिबाट अध्यक्ष निर्वाचन गरेको पहिलो पटक हो ।

त्यसैगरी एसोसिएसनको उपाध्यक्षमा डा. बिवेक सिंह, महासचिवमा डा. मिरा आचार्य, कोषाध्यक्षमा डा. पवन मेहता, सह-सचिबमा डा. विशालराज जोशी सर्वसम्मत चयन भएका छन् । सदस्यहरूमा डा. प्राचि भगत, डा. निलेश कुमार देव, डा. अमिन कुमार सिंह र डा. आदित्य साह पनि सर्वसम्म रूपमा चयन भएका छन् । नेपाल डेन्टल एसोसिएसन मोरङको नवनिर्वाचित अध्यक्ष डा. प्रेक्षा दलीले सबै डेन्टल चिकित्सकहरूलाई समेटर अगाडि बढ्ने बताइन् । उनले नयाँ सदस्य विस्तार गर्दै चिकित्सकहरूको हकहितमा आफू लाग्ने वहांको भनाई थियो । 'लामो इतिहास बोकेको नेपाल डेन्टल एसोसिएसन रहेको छ । अहिलेसम्म समाजमा परिचित हुन सकेकोछैन,' डा. प्रेक्षाले भनिन्, 'नेतृत्वमा आएको छु । सम्पूर्ण डेन्टल चिकित्सकहरूको हकहितमा लाग्ने प्रतिवद्धता जनाएका थिईन ।

डेन्टल चिकित्सकहरुको लागि सचेतना अभियान पनि संचालन गर्ने, 'अहिले पनि डेन्टलमा आएका जुनियर डाक्टरहरुलाइ एसोसिएसन मा ल्याउन पहल, 'नयाँ पुस्ताका डाक्टरहरूलाई पनि मोटिभेट लगायका कार्यक्रमहरु संचालन गर्ने अध्यक्ष दलीको योजना छ । डा.दली यसअघि कोषाध्यक्ष पदमा रहँदा राम्रो काम भएको डेन्टल चिकित्सकहरुका भनाई छ ।

५ लागुऔषध रहित परिवार : स्वस्थ जीवनको आधार

लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य विग्रन्छ । लागुऔषधको उत्पादन, संचय, ओसार-पसार, विक्री वितरण तथा सेवन कानूनत दण्डनीय छ । गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं । स्वस्थ र सुखी परिवारको लागि लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ब्राउन सुगर सहित झापाबाट चार जना पक्राउ




विराटनगर । झापाको बिर्तामोडको दुई स्थानबाट लागूऔषध ब्राउन सुगर सहित ४ जनालाई पक्राउ गरिएका छन् ।

मंगलवार बिर्तमोड ५ जात्रुबारी स्थितबाट ईलाका प्रहरी कार्यालयबाट खटिएको प्रहरी टोलीले सोही स्थानका २० बर्षीय रतन राजबंशी र २४ बर्षीय सुरज चौधरीलाई लागूऔषध ब्राउन सुगर ३ ग्राम ३० मिलि ग्राम सहित पक्राउ गरेको थियो ।

त्यसैगरी बिर्तामोड १ चारपाने स्थितबाट सोही कार्यालयबाट खटिएको प्रहरी टोलीले बिर्तामोड १ कि २२ बर्षीया देवी तामाङ र बिर्तामोड ५ कि २१ बर्षीया सिता खतिवडालाई लागूऔषध ब्राउन सुगर ४ ग्राम ४५ मिलीग्राम सहित पक्राउ गरिएको थियो ।

पक्राउ परेका चारै जना उपर ईलाका प्रहरी कार्यालय अनारमनीबाट थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

ARNIKO A.S. SCHOOL
ARNIKO
AWASIYA SECONDARY SCHOOL
+2 SCIENCE & MANAGEMENT PROGRAMS
www.arnikofoundation.edu.np arniko470149@gmail.com
+2
SCIENCE
COM.SCIENCE
MANAGEMENT
HOTEL MANAGEMENT
COM. MANAGEMENT
A college with a difference ...
CONGRATULATIONS TO FUTURE DOCTORS
यसबर्षको MBBS प्रवेश परीक्षामा ऐतिह्रासिक सफलता प्राप्त गरि 13 जना विद्यार्थी पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएकोमा उत्तीर्ण विद्यार्थी सहित सम्पूर्ण अरनिको परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।




अरनिको आवाशीय मा वि
तीन टोलिया, बिराटनगर
021-470149, 021-470822 नोटिस बोर्ड: 1618-021-470149
Arniko College, Biratnagar
नोट : कक्षा ११ को आवेदन फारम खुलेको जानकारी गराइन्छ ।




अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौं वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल हाड तथा नशा रोग, painless प्रसुती सेवा, Emergency सेवा नया एंव अध्याधिक भरपर्दो (ICU/MICU,NICU) तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ ।

हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्बन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्बन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्वारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्वारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१

परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

### सत्ता लोभका कारण मधेशी दलमा फुट

नेपालको दक्षिणी भारतको सिमानासंग जोडिएर रहेको २२ जिल्लामा मधेशी समुदायको बसोवास रहेको छ । ती क्षत्रेमा बसोवास गर्ने मधेशी समुदायलाई राज्यले उपेक्षा गर्दै अधिकारवाट वन्चित गर्दै आएका कारण मधेशी समुदायको अधिकार राज्यको मुलधारमा ल्याउने उदेश्यल करीब ३ दशक पहिले मधेश समुदायलाई संगठीत गर्ने उदेश्यले राजनितीक पार्टी खुलेका थिए । सब भन्दा पहिले मधेशीको अधिकारलाई सुनिश्चित गर्ने उदेश्यले सदभावना पार्टीका स्थापना गजेन्द्र नारायण सिंहले गरेका थिए । ती पार्टी फुटेर आधा दर्जन जति पार्टी बने तर मधेशी समुदायले अधिकार पाएनन यसको मुख्य कारण हो पार्टीमा सत्ता लोभका कारण भएको फुट मधेशी जनताको लागि स्थापना भएको सदभावना पार्टी पनि लोभकै कारण टुक्रा-टुक्रा हुँदै करी त्यो पार्टी नै समाप्त भएको अवस्था छ । मधेशी जनताका अधिकारलाई सुनिश्चि गर्ने नाममा २०५४ सालमा उपेन्द्र यादव (जसपा अध्यक्ष)ले मधेसी जनअधिकार फोरम नामको संस्था खोलेका थिए ।

अन्तरिम संविधानमा संघीयताजस्ता विषय नराखेको भन्दै यादवले माइतीघरमा संविधानको प्रतिलिपि जलाए जलाएपछि मधेशमा अधिकारको लागि जनविद्रोह भएपछि फलस्वरु २०६४ वैशाखमा मधेसी जनअधिकार फोरम राजनीतिक दलको रुप दर्ता भयो । मधेश विद्रोहको कारण कांग्रेसबाट महन्थ ठाकुर बाहिरिएर २०६४ सालमै तराई मधेस लोकतान्त्रिक पार्टी दर्ता गराएका थिए । मधेशवादी दलको सत्ता लोभका कारण २०६४-०७८ सम्म कहिले जुटे त कहिले फुटे । २०७४ वैशाखमा ६ वटा मधेसकेन्द्रित दलबीच एकता भएर राष्ट्रिय जनता पार्टी (राजपा) गठन भएको थियो । अधिकारको नाममा सबै जुट्छन्, सत्ताको लोभमा टुक्रा-टुक्रामा फुट्छन् । मधेसी दलको बीस वर्षको विगतलाई नियाल्दा उनीहरूको प्रवृत्ति छेपाराको रंग बदलिरहने मधेसवादी दलहरू सत्ता स्वार्थका कारण बदनाम बन्दै आएको छ । जल्दाबल्दा उदाहरणको रुपमा जनता समाजवादी पार्टीको फुटले छर्लङ्ग पारेको छ । जसपालाई फोडेर महन्थ ठाकुरले जनता समाजवादी पार्टी नेपाल (लोकतान्त्रिक) जन्म दिएको छ ।

२०६२/६३ मा भएको राजतन्त्रविरुद्धको आन्दोलनमा १९ जना सहिद, मधेसको अधिकारवादी आन्दोलनमा १६५ जनाले बलिदानी दिइसकेका छन । नौ वर्षको अन्तरालमा तीनवटा मधेस आन्दोलन भएका छन् । त्यसैको बलमा नेताहरू मन्त्री भए तर मधेसको मुद्दा अझै अलपत्रमा परेको छ । मधेसी दलको पहिचान र शक्ति मधेस नै हो त्यसैले मधेशी जनताको अधिधारको नामामा ७७ जिल्लाको ठेक्का लिने मधेशी नेताहरुले समयमा नै आफूलाई एकता गरी एक आपसको विभेदलाई खतम गरी अगाडी बढेमात्र मधेशीले अधिकार पाउँछ अन्यथा मधेशीको अधिकारका नाममा मधेशी नेता, मधेशी नेताको छोरा-छारीहरुले गाडी चढ्छन । तीनीहरुलाई भोट दिने मतदाताहरु सधै विचल्लीमा पर्दछन् । तसर्थ मधेशी राजनीतिक दलका नेता र आम मधेशी समुदायमा राजनीतिक चेतना आउन आवश्यक छ ।

## साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) **:सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# पार्टी टुटफुटको श्रृखला

नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीको स्थापना लगभग उस्तै समयमा भएको थियो। २००६ चैत २७ मा नेपाल राष्ट्रिय कांग्रेस र नेपाल प्रजातान्त्रिक कांग्रेसबीच एकता भई नेपाली कांग्रेस स्थापना भयो भने २००६ वैशाख १० मा कम्युनिष्ट पार्टी गठन भयो। सैद्धान्तिक रूपमा मूलत: कम्युनिष्ट पार्टी एकै ठाउँ हुने भएपनि नेतृत्व र जुँघाको लडाइँले दर्जनौं हाँगाबिगामा विभाजित छ। पुरानो र लोकतान्त्रिक पार्टी कांग्रेसमा पनि नेतृत्वकै विवादका कारण दुई पटक ठूलो विभाजनको शिकार हुनुपर्‍यो ।

रोचक पक्ष त के छ भने कांग्रेस सत्तामै भएका पार्टी विभाजन भएको थियो। विभाजनकै कारण ‘मधेस मुद्दा’ स्थापित गर्न भन्दै गजेन्द्रनारायण सिंहले स्थापना गरेको सद्भावना पार्टी राष्ट्रिय राजनीतिबाटै ‘लोप’ हुन थालिसक्यो। त्यसपछि गठन भएका तमलोपा र फोरमबीच टुटफुटका दर्जनौंश्रृंखला चले। माओवादी पार्टी पनि टुटफुटकै कारण राष्ट्रिय राजनीतिमा खुम्चिदै गएको छ। मुख्य पार्टीमा भएको टुटफुटको श्रृंखलाबारेअन्नपूर्णकर्मी नरेन्द्र साउद र राजकरण महत्तोको रिपोर्ट :

### कम्युनिष्टहरू ७२ पटक ‘टुटफुट’

नेपाल कम्युनिष्ट पार्टीको स्थापना २२ अप्रिल १९४९ (वैशाख १०, २००६) मा भारतको कलकत्तामा भएको थियो। कम्युनिष्ट आन्दोलनको स्थापनाको झन्डै ७२ वर्षमा ७२ पटक नै टुटफुटको सामना गर्नुपरेको छ।पुष्पलाल, नरबहादुर कर्माचार्य, निरञ्जनगोविन्द वैद्य, नारायणविलास श्रेष्ठ र मोतीदेवी संस्थापक रहेको कम्युनिष्ट पार्टीले स्थापनाको ११ वर्षमै विभाजनको शिकार हुनुपरेको थियो। २००८असोज ११ देखि १६ गतेसम्म भारतको कलकत्तामा प्रथम सम्मेलन सम्पन्न गरी जनवादी कार्यक्रम पारित गरेको थियो। प्रथम सम्मेलनबाट पुष्पलाल महासचिवमा चयन भएका थिए ।

२०१३ सालमा मनमोहन अधिकारी चीन जाँदा केशरजंग रायमाझी कार्यवाहक महासचिव बने। त्यसपछि पार्टी दक्षिणपन्थी दिशामा गयो, पार्टीभित्र विवाद सुरु भयो। २०१४ मा काठमाडौंको फोहरामा दोस्रो महाधिवेशन भयो। महासचिव भने रायमाझी नै रहे। रायमाझी राजतन्त्रलाई नै मानेर अघि बढ्नुपर्छ भन्नेमा थिए। पार्टीभित्र विवाद बढ्दै गएपछि २०१७ सालमा भारतको दरभंगामा पार्टीको विशेष विस्तारित बैठक बस्यो। बैठकले रायमाझीलाई कारबाही गर्‍यो। कम्युनिष्ट आन्दोलनमा त्यहीबाट फुट सुरु भयो।२०१९ सालमा वनारसमा भएको तेस्रो महाधिवेशनले तुल्सीलाल अमात्य लाई महासचिव निर्वाचित गर्‍यो।पार्टीभित्रको विवाद हल हुन सकेन। नेताबीचको तिब्र विवादले २०२३ सालसम्म कम्युनिष्ट पार्टी अस्तित्व नै समाप्त हुने स्थितिमा पुग्यो ।

पूर्व मेची कोसी प्रान्तीय कमिटी गठन भयो। अर्कोतिर रायमाझीको समूह समूह छुट्टियो। २०२५ सालमा पुष्पलालको नेतृत्वमा पार्टी पुनर्गठनको प्रयास भयो। पुष्पलालको नेतृत्वमा नयाँ केन्द्रीय कमिटि गठन भयो। तर तुलसीलाल अमात्य समूह अलग भयो। २०२८ सालमा नेपाल कम्युनिष्ट आन्दोलनका अर्का दुईवटा लाइन देखा परे। झापा जिल्ला कमिटी र केन्द्रीय न्यूक्लियस। पुष्पलालको पार्टी भने यी दुवै पक्षमा देखा परेन। एउटाको नेतृत्व सीपी मैनालीले गर्थे। अर्कोको नेतृत्व मोहनविक्रम सिंहले गर्थे। यी दुई समूहबीच लामो समयसम्म ध्रुवीकरण रह्‍यो। तर यी दुई समूह पनि फुट्दै दर्जनौं स-साना समूहमा विभाजित छन् ।

सत्ताको भोक चरम सीमामा पुगेपछि दलहरू फुटको संघारमा पुग्ने गरेको छ।अधिकारको नाममा सबै जुट्छन्, सत्ताको लोभमा टुक्रा-टुक्रामा फुट्छन् ।

२०३५साउनमा कम्युनिष्ट पार्टीका संस्थापक नेता पुष्पलालको निधनपछि मदन भण्डारी, बामदेव गौतमसहित नेताहरूले छुट्टिएर मुक्ति मोर्चा समूह बनाए। यता झापाको सीपी मैनाली लगायतको विद्रोही समूहले अखिल नेपाल कोअर्डिनेसन कमिटी बनाएको थियो। दुवै समूह मिलेर २०३५ पुस ११ गते सीपी मैनालीको नेतृत्वमा नेकपा (माले) बन्यो। त्यहीबाट हालको एमालेको इतिहास सुरु भएको मानिन्छ। मनमोहन अधिकारीले नेपाल कम्युनिष्ट पार्टी (मनमोहन) नामक आफ्नो छुट्टै पार्टी खोले। २०४३ सालमा मनमोहन अधिकारीको पार्टीसँग एकता भयो र नेपाल कम्युनिष्ट पार्टी ( मार्क्सवादी) गठन भयो ।

२०४६ को जनआन्दोलनमा मनमोहन नेतृत्वको मार्क्सवादी र सीपी मैनालीको मालेसहित अन्य साना वाम समूहले मोर्चा बनाए। एमालेको ०४९ माघमा भएको पाँचौ महाधिवेशनले मदन भण्डरीलाई महासचिव चयन गर्‍यो। जनताको बहुदलीय जनवाद (जबज) लागूगर्‍यो। २०५० जेठ ३ गते मदन भण्डारीको दासढुंगा दुर्घटनामा निधन भयो। त्यसपछि माधवकुमार नेपाल महासचिव बने।कांग्रेसका प्रधानमन्त्री शेरबहादुर देउवा सरकारद्धारा भारतसँग गरेको महाकाली सन्धिलाई लिएर पार्टीभित्र तीव्र विवाद भयो।नेपाल र केपी ओली सम्झौताको पक्षमा उभिए। वामदेव गौतम लगायतका नेता विपक्षमा उभिए। विवादकै कारण ०५४ मा एमालेमा पहिलोपटक विभाजन भयो। वामदेव गौतम, सपना प्रधान लगायतका नेताद्धारा नेकपा माले गठन गरे ।

२०५८ मा एमाले र मालेबीच पार्टी एकता भयो। तर सीपी मैनालीले मालेको नाममा पार्टी सञ्चालन गरिरहे। ०७५ जेठ ३ मा एमाले र माओवादीबीच पार्टी एकता गरी नेकपा गठन भयो। एकतापछि पार्टीभित्र तिब्र विवाद देखिएकै बेला २०७७ फागुन २६ गते सर्वोच्चको फैसला अनुसार नेकपा एकता बदर भयो। एमाले र माओवादी केन्द्र साविककै पुरानै पार्टीमा फर्के। तर एमालेभित्रको विवाद बढ्दै गयो। ०७८ भदौ २ गते ओली र नेपाल पक्ष गरी एमालेमा पुन: विभाजन आयो। नेपाल र झलनाथ खनाल पक्षले नेकपा एमाले (समाजवादी) पार्टी गठनका लागि निर्वाचन आयोगमा निवेदन दर्ता गरे ।

### उदयदेखि नै माओवादीमा फुटको सुरुआत

माओवादी धारको जग मोहनविक्रम सिंहले नेतृत्व गरेको चौथो महाधिवेशनलाई मानिन्छ। २०३६ सालमा राजाले गराएको जनमत संग्रहलाई लिएर पार्टीमा विवाद भयो। विवाद बढ्दै जाँदा २०४० सालमा निर्मल लामा समूहले नेकपा (चौम) गठन गर्‍यो। मोहनविक्रमको समूहले आफ्नो पार्टीको नाम नेकपा मसाल राख्यो र महामन्त्रीमा मोहनविक्रम चयन भए ।

नेकपा मसालको पाँचौं महाधिवेशन पनि जुट्नेभन्दा फुट्ने कारण बन्यो। महाधिवेशनले यौनदुराचारको आरोपमा मोहनविक्रम सिंहलाई कारबाही गर्‍यो। २०४१ सालमा भएको पाँचौं महाधिवेशनबाट महामन्त्रीमा मोहन वैद्य (किरण) निर्वाचित भए। मोहनविक्रमले चित्रबहादुर केसीसहित चार केन्द्रीय सदस्य लिएर नेकपा मसाल (पातलो स) नामको पार्टी गरे। वैद्य नेतृत्वको पार्टीको नाम नेकपा मशाल (मोटो श) राखियो। २०४५ सालमा नेकपा मशालले पुष्पकमल दाहाल ‘प्रचण्ड’लाई महामन्त्री बनायो। माओवादलाई पार्टीको प्रमुख सिद्धान्त मान्ने निर्णय गर्‍यो ।

बहुदल आएपछि प्रचण्डको पार्टी मशाल, निर्मल लामाको पार्टी नेकपा चौम, सर्वहारावादी श्रमिक संगठन र रूपलाल विश्वकर्माको समूह मिलेर नेकपा (एकता केन्द्र) गठन भयो। मोहनविक्रमको पार्टीबाट बाबुराम भट्टराई पनि एकता केन्द्रमा मिसिए। एकताको दुई वर्षमै सशस्त्र युद्धमा जाने कि नजाने भनेर पार्टीभित्र फेरि विवाद सुरु भयो। निर्मल लामाहरूले एकता केन्द्र छोडे।सशस्त्र युद्धमा जानुपर्ने पक्षमा रहेको प्रचण्ड नेतृत्वको एकता केन्द्रले पार्टीको नाम नेकपा माओवादी राख्यो। जनयुद्धको घोषणा गरेर यो पार्टी युद्धमा गयो ।

मोहनविक्रम सिंह नेतृत्वको मसाल र नारायणकाजी श्रेष्ठ नेतृत्वको एकता केन्द्रबीच ०५९ सालमा एकता भयो। २०६९ सालमा माओवादीमा ठूलो विभाजन आयो। मोहन वैद्यको नेतृत्वमा नेकपा माओवादी नामको अर्को पार्टी गठन भयो। रामबहादुर थापा लगायतका नेताहरू एकतामा आएपछि २०७३ मा पार्टीको नाम नेकपा माओवादी केन्द्र राखियो ।

### कांग्रेसमा सुरुदेखि नै गुटको इतिहास

कांग्रेस सत्तामै भएको बेला फुट्ने गरेको रमाइलो इतिहास छ। २००९ सालमा मातृकाप्रसाद कोइराला प्रधानमन्त्री र बीपी कोइराला सभापति बनेका बेला पहिलोपटक कांग्रेसमा विभाजन भयो। २०५९ सालमा शेरबहादुर देउवा प्रधानमन्त्री र गिरिजाप्रसाद कोइराला सभापति बनेका बेला कांग्रेसमा ठूलो फुट आयो। कांग्रेस जुट्दै र फुट्दै आएपनि ‘गुट’को खुलेआम बार्गेनिङ हुन्छ। कांग्रेसको इतिहास गुटको इतिहास भन्ने गरिन्छ। २००८सालमा राणा कांग्रेस मन्त्रिपरिषद् पतन हुनुमा कांग्रेसभित्र बीपी र मातृका गुटको टकराव मुख्य कारण थियो। मातृका गुटलाई विपी गुटले कारबाही गरेपछि पार्टी फुटेको थियो ।

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

**दमकल**

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

**एम्बुलेन्स सेवा**

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

**अस्पताल**

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

**प्रहरी**

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
Crime Operation साप्ताहिक

# ब्राउणसुगर सहित २ पक्राउ




विराटनगर । झापा बिर्तामोड नगरपालिका वडा नं. ९ देवकोटा चौकबाट लागूऔषध ब्राउन सुगर सहित दुई जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा झापा बिर्तामोड नगरपालिका वडा नं. ८ का २० बर्षीय गोपाल विश्वकर्मा र ईलाम माई नगरपालिका वडा नं. ६ घर भई हाल बिर्तामोड नगरापालिका ८ स्थितमा डीडीआर फार्मेसी संचालन गरी बस्ने २० वर्षीय भिष्म बुढाथोकी रहेको छ ।

शनिवार विशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय अनारमनीबाट खटिएको प्रहरी टोलीले उनीहरुलाई ब्राउन सुगर ५ ग्राम ५१० मिलिग्राम सहित प्रकाउ गरिएको हो । पक्राउ परेका दुवैजना उपर थप अनुसन्धान भईरहेको छ ।

# कारको ठक्करबाट एकको मृत्यु

विराटनगर । झापा बाह्रदशी गाऊपालिका वडा नं. ७ सिमल चौक स्थित भित्री सडक खण्डमा कारको ठक्करबाट स्कुटीमा पछाडी सवार एक जनाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा धनुषा गणेशमान चारनाथ नगरपलिका घर भई हाल कंकाईमाई नगरपालिका वडा नं. ८ डेरा गरी बस्ने ३२ बर्षीया सरस्वती मगर रहेकी छन् ।

उत्तर जादै गरेको प्रदेश-१-०१-०१२ प १९४२ नम्बरको स्कुटीलाई प्रदेश १-०१-००१ च ७२७७ नम्बरको कारले पछाडीबाट ठक्कर दिई दुर्घटना हुँदा स्कुटी चालक बाह्रदर्शी गाऊपालिका वडा नं. ७ की २८ बर्षीया प्रमिता कार्की र पछाडी सवार सरस्वती घाईते भई उपचारको लागी बी एण्ड सी अस्पतालमा पु¥याउन साथ सरस्वतीको मृत्यु भएको थियो भने कार्कीको उपचार भईरहेको छ ।

दुर्घटना गराउने कार र चालक ईलाम जोगमाई वडा नं. २ का २४ बर्षीय जंग बहादुर बस्नेत ईलाका प्रहरी कार्यालय अनारमनीको नियन्त्रणमा रहेको छ ।

# १६ वर्षपछि डाका विश्वकर्मा पक्राउ

विराटनगर । अदालतबाट सजाय ताथ जरीवाना तोकेका फरार प्रतिवादी १६ वर्ष पति पक्राउ परेको छ ।

धनकुटा जिल्ला अदालतको २०६२ भाद्र १४ गतेको फैसलाले डाका मुद्दामा ६ वर्ष कैद र ४५ हजार) जरिवाना र सोही अदालतको मिति २०६२ असोज ६ गतेको फैसलाले ९ बर्ष कैद र १ लाख ५५ हजार ५ सय ५० जरिवाना ठहर भएको २ वटा डाका मुद्दा प्रतिवादी श्रावण २९ गते पक्राउ परेको हो ।

प्रतिवादी पदम विश्वकर्माले कुल १५ बर्ष कैद र २ लाख ५ सय ५० जरिवाना ठहर भएको फरार प्रतिवादी विश्वकर्मालाई १६ बर्ष पश्चात पक्राउ परेको छ ।

जिल्ला मोरङ मिक्लाजुङ टाँडीबाट पकाउ गरी सम्मानित मोरङ जिल्ला अदालत बुभ्फाईएकोमा कारागार चलान गरिएको छ ।

## कोरोना (COVID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिंगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ।

**३. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, बिरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनवर्षि नगरपालिका मोरंग प्रदेश नं. १

# 'विवाह गरेकै दिन श्रीमान्ले बलात्कार गरे'

इजिप्टका महिला यौनहिंसा बारे गरिने 'तैं चुप मै चुप' को परम्परा तोडिरहेका छन् र वैवाहिक जीवनमा हुने बलात्कारमाथि खुलेर आफ्नो कुरा राखिरहेका छन् । यो एउटा यस्तो मुद्दा हो जसबारे इजिप्टमा कमै कुरा हुने गर्छ ।

३४ वर्षकी सफाको विवाह भएकै दिन उनका श्रीमानले उनलाई बलात्कार गरे । उक्त यौन हमलामा उनको गुप्ताङ्ग, नाडी र अनुहारमा चोट लाग्यो ।

उनी भन्छिन्, 'म महिनावारी भइरहेकी थिएँ र म यौन सम्बन्धका लागि तयार थिइनँ । मेरा श्रीमानलाई लाग्यो कि म उनीसँग सम्बन्ध स्थापित नगर्न बहाना बनाइरहेकी छु । उनले ममाथि कुटपिट गरे, मेरो हात बाँधिदिएँ, मेरो मुख दबाए र बलात्कार गरे ।

सफालाई त्यतिबेला यस विरुद्ध आवाज उठाउनुपर्छ जस्तो लाग्यो जब उनले टिभीमा प्रसारित धारावाहिक न्यूटन्स केडलको एउटा दृश्य देखिन् । यसमा एक श्रीमानले आफ्नी श्रीमतीलाई बलात्कार गरिरहेको देखाइएको थियो ।

यो दृश्य देखेर ती महिलालाई आफूमाथि भएको उत्पीडनको याद ताजा भयो । यसले उनलाई यसबारे सोसल मिडियामा खुल्ला रुपमा कुरा गर्न र आफ्नो अनुभव साझा गर्ने मौका पनि दियो ।

केही हप्ताभित्रै सयौं महिलाले सोसल मिडियामा आफूमाथि भएको अत्याचारबारे लेखे । फेसबुकमा स्पीक अप नामबाट बनाइएको एउटा पेजमा सात सयभन्दा बढी महिलाले आफ्नो कुरा राखे ।

साना लेख्छिन्, 'एउटा निकै साधारण कुरामा हामीबीच झगडा भयो र उनले मलाई सजाय दिने निश्चित थरे । उनले ममाथि जबरजस्ती गरे र बलात्कार गरे । मेरो गर्भपतन भयो ।'

सानाले सम्बन्धविच्छेदको लडाइँ एक्लै लडिन् । अब उनी आफ्ना श्रीमानसँग होइन, एक्लै बस्छिन् । उनी आज पनि आफ्नो बच्चालाई सम्झेर रुन्छिन् ।

इजिप्टका थुप्रै इलाकामा श्रीमतीमाथि जबरजस्ती यौन सम्बन्ध स्थापित गर्नु, विशेषगरी विवाह भएको दिन, एउटा प्रचलित सामाजिक कुसंस्कार हो ।

यो मुद्दामाथि बहस त्यतिबेला थप तीव्र भयो जब एक चर्चित गायककी पूर्व श्रीमतीले इन्स्टाग्राममा आफ्नो अनुभव साझा गरिन् ।

उनले रुँदै आफ्नो वैवाहिक जीवनमा भएको बलात्कारको कहानी सुनाइन् । यो भिडियो इजिप्टमा भाइरल भयो । यसबारे मिडियामा पनि लेख प्रकाशित भयो ।

श्रीमानले यसको जवाफमा इन्स्टाग्राममा नै एउटा भिडियो पोस्ट गरेर सबै आरोपलाई आधारहीन बताउँदै यसलाई खारेज गरिदिए । उनकी श्रीमतीले यसलाई अपराध घोषणा गर्नुपर्ने बताउँदै यसका लागि कानूनमा परिवर्तनको माग गरेकी छिन् ।

इजिप्टको सरकारी संस्था नेशनल काउन्सिल फर विमन (राष्ट्रि महिला परिषद्) का अनुसार वैवाहिक जीवनमा बलात्कार, जबर्जस्ती यौन सम्बन्ध स्थापित गरिनु र यौन उत्पीडनको वार्षिक औसत मामिला ६५०० हो ।

महिलाका लागि कानूनी मद्दत प्रदान गराउने संस्थामा कार्यरत रेदा दानबूकी भन्छिन्, 'इजिप्टमा महिलालाई यौन सम्बन्धका लागि २४ सै घण्टा उपलब्ध मान्नु सामान्य संस्कृति हो । वैवाहिक बलात्कारका लागि यही धारणा जिम्मेवार छ ।'

उनी थप्छिन्, 'इजिप्टमा आम धार्मिक धार्मिक मान्यता यो छ कि यदि कोही महिला आफ्ना श्रीमानसँग यौन सम्बन्ध स्थापित गर्न अस्वीकार गर्छिन् भने यसलाई पापको संज्ञा दिइन्छ ।'

यो मुद्दामा बहसको समाधानका लागि इजिप्टमा धार्मिक मामिलाको सर्वोच्च संस्था दारउल इफ्ताले भनेका छन्, 'यदि कोही पुरुष आफ्नी श्रीमतीलाई यौन सम्बन्ध स्थापित गर्न बाध्य पार्नका लागि हिंसाको प्रयोग गर्छन् भने उनी अपराधी हुन् र महिला यसको विरुद्धमा अदालत जान सक्छन् र अपराधीलाई सजाय दिलाउन सक्छन् ।'

दानाबूकी भन्छन्, 'विमेन सेन्टर फर गाइडेन्स एन्ड लिगल अवेयरनेसले पछिल्लो दुई वर्षमा वैवाहिक जीवनमा बलात्कारका २०० मामिला दर्ता गरेको छ जसमा धेरैजसो विवाह भएकै दिन भए । यसको कारण यौन प्रति डर थियो ।'

इजिप्टको कानूनअन्तर्गत वैवाहिक बलात्कार अपराध होइन । विश्व स्वास्थ्य संगठनले यसलाई यौन हिंसाकै एउटा रुप मान्छ । अदालतमा यसलाई प्रमाणित गर्न निकै मुश्किल हुने गर्छ ।

इजिप्टमा वैवाहिक बलात्कार जतिपनि मुद्दा अदालतसम्म पुग्छन् त्यसमा सजाय दिलाउन निकै मुश्किल हुने गर्छ ।

यसको कारण इजिप्टको दण्ड विधानको धारा ६० हो । यसमा भनिएको छ, 'दण्ड संहिता ती मामिलामा लागू हुने छैन जुन राम्रो नियतले गरिए र जुन शरिया कानून अन्तर्गत सही छ ।'

तर दानाबूकीका अनुसार महिलाको शारीरिक परीक्षणले वैवाहिक बलात्कारलाई प्रमाणित गर्न सकिन्छ ।

उनी भन्छिन्, 'महिलाको पूरा शरीरको परीक्षण गर्नुपर्छ र उनीमाथि कोपरेको वा बाहिरी चोट हेर्नुपर्छ । नाडी, अनुहारमा चोट पनि हेर्नुपर्छ ।'

इजिप्टमा परिवर्तन असाध्यै धेरै आउँछ । यहाँ अहिले पनि परम्परा र रुढिवादी मूल्य हावी छ । तर वैवाहिक बलात्कारका पीडित महिलाले आवाज उठाउन सुरु गरेका छन् ।

(सफा र सना परिवर्तित नाम हो । उनीहरुको पहिचान लुकाउनका लागि वास्तविक नाम प्रकाशित गरिएको छैन ।)बीबीसी

# माओवादी केन्द्रको जहदा गाउँपालिकामा कमिटी विस्तार

राजेश कुमार राजवंशी

विराटनगर । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले जहदा गाउँपालिका वडा नं. २ मा कमिटी विस्तार गरेको छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को वडा समिति र वाईसीएलको संयक्त शनिवार भएको संयुक्त भेलाको प्रमुख अतिथी प्रदेश समिति सदस्य भोगेन्द्र यादवको आतिथ्यमा भएको भेलाले समिति विस्तार गरेको हो ।

सो अवसरमा नेपाल कम्युनिष्ट पार्टी जहदा गाउँपालिकाको अध्यक्ष राजकुमार यादव, लगायतका पदाधिकारी हरुको उपस्थिति रहेको थियो ।

सो भेलाले सर्वसम्मत रुपमा सुरेश हेमरमको अध्यक्षतामा ३१ सदस्य पार्टी समिति गठन गरेका छन् । धिरेन्द्र साह इन्चार्ज, बडन हेमरम, रामेस्वर मण्डल उपाध्यक्ष, भुनेस्वर राजवंशी सचीव, विरेन्द्र साह कोषाध्यक्ष रहेका छन् । सदस्यहरुमा समिम मिया, मन्थलाल ऋषिदेव, संजय साह, मोतीराम हेमरम रहेका छन् ।

त्यसैगरी अनाडी ऋषिदेव, मराङ मरडी, सुजन मरडी, सजन राजवंशी, जीवन राई, रबिन साह, शत्रुधन राजभर, देवीलाल टुडु लगायत रहेका छन् ।

त्यसै गरी वाईसीएल कमिटी मोहम्मद जावेद को अध्यक्षतामा ३१ सदस्य गठन गरेको छ । प्रमोद कारक, रबिन साह उपाध्यक्ष, भुनेश्वर ऋषिदेव सचीव, सन्तोष साह कोषाध्यक्ष, मुन्सी टुडु सहसचिव रहेका छन् ।



सदस्यहरु सिवनन्दन मरडी, रमेश हेमरम, केशव थापा मगर, विक्रम राजवंशी, धर्मेन्द्र टुडु, सुमन टुडु, सेखर ऋषिदेव, उदिप मण्डल, मनोज मिश्र, नागेश्वर ऋषिदेव, सुरेन ऋषिदेव, जितेन्द्र ऋषिदेव, विस्वजित मण्डल, पकज राजभर, साहदेव राजभर, राकेश राजभर, रवि राजभर लगायत चयन भएका छन् ।

सल्लाहकार समितिमा काशि राम राजवंशीको संयोजकत्वम ९ सदस्य समिति गठन समेत गठन गरेको छ । काशिराम राजवंशी संयोजक सदस्यहरुमा कुन्दन यादव, किसुन ऋषिदेव, गणेश राजभर, दरि ऋषिदेव, भोला ऋषिदेव, मानिकचन ऋषिदेव, जितेन्द्र गुप्ता, निताय साह रहेका छन् ।

बैरिया माध्यमिक विद्यालयमा भएको भेला जहदा गाउँपालिका वडा नं. २ को इन्चार्ज धिरेन्द्र साहको अध्यक्षतामा सम्पन्न भएको थियो ।

विराटनगर, श्रावण ३१ गते । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) ले जहदा गाउँपालिका वडा नं. २ मा कमिटी विस्तार गरेको छ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) को वडा समिति र वाईसीएलको संयक्त शनिवार भएको संयुक्त भेलाको प्रमुख अतिथि प्रदेश समिति सदस्य भोगेन्द्र यादवको आतिथ्यमा भएको भेलाले समिति विस्तार गरेको हो ।

सो अवसरमा नेपाल कम्युनिष्ट पार्टी जहदा गाउँपालिकाको अध्यक्ष राजकुमार यादव, लगायतका पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

सो भेलाले सर्वसम्मत रुपमा सुरेश हेमरमको अध्यक्षतामा ३१ सदस्य पार्टी समिति गठन गरेका छन् । धिरेन्द्र साह इन्चार्ज, बडन हेमरम, रामेस्वर मण्डल उपाध्यक्ष, भुनेस्वर राजवंशी सचीव, विरेन्द्र साह कोषाध्यक्ष रहेका छन् । सदस्यहरुमा समिम मिया, मन्थलाल ऋषिदेव, संजय साह, मोतीराम हेमरम रहेका छन् ।

त्यसैगरी अनाडी ऋषिदेव, मराङ मरडी, सुजन मरडी, सजन राजवंशी, जीवन राई, रबिन साह, शत्रुधन राजभर, देवीलाल टुडु लगायत रहेका छन् ।

त्यसै गरी वाईसीएल कमिटी मोहम्मद जावेद को अध्यक्षतामा ३१ सदस्य गठन गरेको छ । प्रमोद कारक, रबिन साह उपाध्यक्ष, भुनेश्वर ऋषिदेव सचीव, सन्तोष साह कोषाध्यक्ष, मुन्सी टुडु सहसचिव रहेका छन् ।

सदस्यहरु सिवनन्दन मरडी, रमेश हेमरम, केशव थापा मगर, विक्रम राजवंशी, धर्मेन्द्र टुडु, सुमन टुडु, सेखर ऋषिदेव, उदिप मण्डल, मनोज मिश्र, नागेश्वर ऋषिदेव, सुरेन ऋषिदेव, जितेन्द्र ऋषिदेव, विस्वजित मण्डल, पकज राजभर, साहदेव राजभर, राकेश राजभर, रवि राजभर लगायत चयन भएका छन् ।

सल्लाहकार समितिमा काशिराम राजवंशीको संयोजकत्वम ९ सदस्य समिति गठन समेत गठन गरेको छ । काशिराम राजवंशी संयोजक सदस्यहरुमा कुन्दन यादव, किसुन ऋषिदेव, गणेश राजभर, दरि ऋषिदेव, भोला ऋषिदेव, मानिकचन ऋषिदेव, जितेन्द्र गुप्ता, निताय साह रहेका छन् ।

बैरिया माध्यमिक विद्यालयमा भएको भेला जहदा गाउँपालिका वडा नं. २ को इन्चार्ज धिरेन्द्र साहको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## सिटी रिक्शा पल्टिदा एकको मृत्यु एक घाईते

सुनसरी, । सुनसरीको कोशी गाऊपालिका वडा नं. २ स्थित भित्री पक्की सडक खण्डमा उत्तरबाट दक्षिण आउदै गरेको को २ ह ११६३ नम्बरको सिटी सफारी अनियन्त्रित भई पल्टदा सवार एक जनाको मृत्यु र एक जना घाईते भएका छन्

दुर्घटनाबाट सोही स्थानका ७४ बर्षीय फरेबी यादव र बराहक्षेत्र ११ कि २३ बर्षीय सबिना माझी घाईते भएका थिए । घाईते मध्ये यादबको नोवेल अस्पताल विराटनगरमा उपचारको क्रममा राती मृत्यु भएको थियो भने माझीको घोपा धरानमा उपचार भईरहेको छ ।

सिटी र चालक कोशी गाऊ पालिका वडा नं. २ को २० बर्षीय रंजित यादव जिल्ला प्रहरी कार्यालय सुनसरीको नियन्त्रणमा रहेको छ ।

## लागुऔषध सहित २ पक्राउ

बिराटनगर । मोरङ मिक्लाजुङ गाऊपालिका वडा नं. ३ स्थित सुन्दरी चौक स्थितबाट प्रतिबन्धित औषधी सहित दुई जनालाई पक्राउ गरिएका छन् ।

पक्राउ पर्नेमा मिक्लाजुङ गाऊपालिका वडा नं. ४ का २१ बर्षीय बिदुर राई र उर्लाबारी नगरपालिका वडा नं. ३ का २२ बर्षीय बिक्रान्त अधिकारी रहेका छन् ।

ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले उनिहरुलाई प्रतिबन्धित औषधी टरमाडोल क्याप्सुल २ हजार ८ साय ८२ थान र स्पास पेन टेवलेट २ हजार ९ सय २० थान सहित पक्राउ गरेको हो ।

पक्राउ परेका उपर थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ ।

## सशस्त्र प्रहरी बलद्धारा सिमा निगरानी समिति गठन अभियान

विराटनगर । सशस्त्र प्रहरी बल प्रदेश नं. १ ले तस्करी नियन्त्रण र सीमा सुरक्षा महत्वपूर्ण जिम्मेवारीमा रहेको सशस्त्र प्रहरीले नेपाल-भारत सीमा क्षेत्रलाई केन्द्रित गर्दै प्रदेश १ मा सिमा निगरानी समिति गठन विशेष अभियान संचालन गरेको छ ।

सशस्त्र प्रहरी बलको सक्रियतामा भारतसँग सीमा जोडिएका प्रदेश १ का विभिन्न वडाहरुमा जनप्रिनधिको नेतृत्वमा सुरक्षा निकाय र सिमावर्ती क्षेत्रका सर्वसाधारण सम्मिलित ‘सीमा निगरानी समिति’ गठन गर्न थालिएको हो ।

उक्त समितिले सीमा सुरक्षामा देखिने र आइपर्ने समस्या समाधानको पहल गर्ने छ । साथै सीमालाई व्यवस्थित एवं सुरक्षित बनाउन पनि सहयोग पुग्ने अपेक्षा सशस्त्रले गरेको छ ।

सीमा सुरक्षामा सबै पक्षको साथ र सहयोग खोज्दै सशस्त्रले सिमावर्ती क्षेत्रमा जनप्रतिनिधिको नेतृत्वमा राजनैतिक दल, विभिन्न निकाय, स्वास्थ्यकर्मी, सामाजिक संघ संस्था र सुरक्षा निकायका प्रतिनिधि एवं नागरिक अगुवा, बुद्धिजिवी तथा सीमा क्षेत्रका बासिन्दा सम्मिलित संयन्त्र तयार गर्न थालेको छ ।

जनस्तरमै बनेको संयन्त्रले मजवुत सुरक्षा तथा सीमा अपराध र अवैध धन्दा नियन्त्रणमा सशस्त्रलाई आवश्यक सहयोग गर्नेछ । संयन्त्रमार्फत सीमाका समस्याको पहिचान एवं त्यहाँका बासिन्दाको आवश्यकता र अवस्था पनि अध्ययन गर्न थालिएको छ ।

सशस्त्र प्रहरी बल प्रदेश १ का प्रमुख डीआईजी वंशीराज दाहालको नेतृत्वमा नेपाल-भारत सीमा क्षेत्रमा पहिलो पटक महत्वपूर्ण अभियान संचालन भएको छ । सीमामा हुने गरेका तनाव, अवैध गतिविधी एवं धन्दा, तस्करी र अन्तरदेशीय अपराध नियन्त्रण तथा नेपाल-भारत सीमा क्षेत्रको सुरक्षा मजवुत बनाउन दाहालले नयाँ अवधारणा लागू गर्ने प्रयास गरिएको छ ।


## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रो हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १


# छ बातें जो जीवन मे आगे बढ्ने का जरूरी है

रामायण हिंदुओं का प्रमुख ग्रन्थ है । रामायण बताती है कि कुछ गुणों को अपनाकर और कुछ खास बातों का ध्यान में रखकर मर्यादा एवं अनुशासन वाला जीवन जीना चाहिए । इससे बुराई पर अच्छाई की जीत होती है । रामायण एक राजपरिवार और राजवंश की कहानी है जो पति-पत्नी, भाई और परिवार के अन्य सदस्यों के आपसी रिश्तों के आदर्श पेश करती है ।

रामायण से हर इंसान को कुछ न कुछ सीखकर अपने जीवन में अच्छी बातें शामिल करनी चाहिए । इससे जीवन का स्तर बढ़ेगा । वहीं अच्छे गुणों के प्रभाव से हर कामों सफलता मिलेगी । मानसिक तनाव से बचेंगे और परेशानियों से भी दूर रहेंगे ।

ये बातें सीख सकते हैं रामायण से

१. विविधता में एकता

विविधता में एकता रामायण की बड़ी सीख है । इस महाकाव्य में जब श्रीराम लंका पर चढ़ाई करने जाते हैं तो उनकी सेना में मनुष्यों से लेकर बंदर और अन्य जानवर भी शामिल थे । सभी ने श्रीराम का साथ दिया इसके अलावा राजा दशरथ के चारों बेटों का चरित्र अलग होने के बावजूद उनमें एकजुटता रहती है यह हर परिवार के लिए दु:ख के समय से बाहर निकलने की सीख है ।

२. रिश्ते और विश्वास का महत्व

श्रीराम ने सब कुछ जानते हुए भी कैकई को दिया वचन को निभाया । वहीं सभी भाइयों में प्रेम था । ऐसे प्रेम में लालच, गुस्से या विश्वासघात के लिए जगह ही नहीं थी । लक्ष्मण ने १४ साल तक भाई राम के साथ वनवास किया, वहीं दूसरे भाई भरत ने राजगद्दी के अवसर को ठुकरा दिया । भाइयों के प्यार की ये सीख हमें लालच और सांसारिक सुखों के बजाय रिश्तों को महत्व देने के लिए प्रेरित करती है ।

३. मर्यादा और अनुशासन

श्रीराम का व्यक्तित्व मर्यादा और अनुशासनपूर्ण था । उन्होने मर्यादओं में रहकर अपने जीवन की हर जिम्मेदारी को अच्छे से पूरा किया । उनके जीवन से हमें यही सीखना चाहिए कि मर्यादा और अनुशासन में रहकर हम एक अच्छे इंसान बन सकते हैं । राम ने हर मर्यादा का पालन किया ।

४. दया और प्रेम

श्रीराम शांत स्वभाव के थे । उनमें हर इंसान के लिए दया का भाव था । उन्होंने प्रेम और दया के साथ एक पुत्र, पति, भाई और एक राजा की जिम्मेदारियों को भी अच्छे से निभाया । श्रीराम का ये स्वभाव आपसी प्रेम और सम्मान जैसे मानवीय गुणों को अपनाने के लिए प्रेरित करता है । इन गुणों को अपनाकर हम खुशहाल और संतुष्ट जीवन जी सकते हैं । इसी की मदद से हम समाज की बुराइयों पर जीत हासिल कर सकते हैं ।

५. सबसे समान व्यवहार

भगवान राम का विनम्र आचरण और सभी के प्रति सम्मान का भाव हमको सीख देता है । हमें पद, उम्र, लिंग आदि के भेदभावों के बावजूद सबसे समान व्यवहार करना चाहिए । पशुओं के प्रति प्यार और दया भी हमारे मन में होनी चाहिए । सच्चा मानव वही है जो सबसे समानता से पेश आता है ।

# मुकारुर र खापुङ साउन महिनाको उत्कृष्ट प्रहरी घोषित



प्रहरी नायव उपरीक्षक :- मञ्जिल मुकारुङ
कार्यरत स्थान :- जिल्ला प्रहरी कार्यालय मोरङ



प्रहरी जवान :- टिकाराम खापुङ
कार्यरत स्थान :- १ न. प्रदेश प्रहरी कार्यालय, विराटनगर RIT

विराटनगर । जिल्ला प्रहरी कार्यालय मोरङ दरबन्दी भई सोही कार्यालयमा कार्यरत प्रहरी नायव उपरीक्षक मञ्जिल मुकारुङर प्रहरी चौकी मेल्छाम, हुम्ला दरबन्दी भई १ नं. प्रदेश प्रहरी कार्यालय, विराटनगर आरआईटी शाखामा कार्यरत प्रहरी जवान टिकाराम खापुङ साउन महिनाको सर्वोत्कृष्ट प्रहरी प्रहरी घोषित भएका छन् ।

विभागिय मुल्य-मान्यता, आदेश-निर्देशनको पालना गरी व्यवसायिक, लगनशीलर कर्तव्य निष्ठ तवरले कर्तव्यपथमा तल्ली नरही उच्च मनोवलर साहसका साथ आफ्नो कर्तब्य निर्वाह गरी अपराध अनुसन्धानको क्षेत्रमा विशेष योगदान पुऱ्याउनुको साथै कर्तव्य ज्यान जस्ता जघन्य प्रकृतिका अपराध गरी वारदात पश्चात फरारहेका प्रतिवादीहरु, चोरी पैठारी लगायत विभिन्न अपराधिक घटनामा संलग्न व्यक्तिहरुलाई पक्राउ तथा कानूनी कारवाहीको दायरामा ल्याउन महत्वपूर्ण भुमिका निर्वाह गर्नुका साथै आम नागरिकहरुमा सुरक्षाको अनुभूति हुने गरी नागरिक समक्ष प्रहरीको छवि उच्च बनाउने तर्फ प्रशंसनीय कार्य गरेकोले प्रहरी नायव उपरीक्षक मञ्जिल मुकारुङर प्रहरी जवान टिकाराम खापुङलाई उनीहरुले गरेको उत्कृष्ट कार्यसम्पादनको उच्च मुल्याङकन गर्दै २०७८ साल साउन घोषणा गरिएको छ ।

प्रहरी कर्मचारीहरुको मनोवल उच्च बनाउने तथा सम्पादित कार्यको उचित मूल्याङकन गर्दै १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले १ नम्बर प्रदेश भरीका प्रहरी कर्मचारीहरु मध्येबाट प्रत्येक महिना सर्वोत्कृष्ट प्रहरी छनौट गर्दै आइरहेको छ । सर्वोत्कृष्ट हुने प्रहरी कर्मचारीलाई पुरस्कृत गरी उत्कृष्ट कार्यको बिवरण सहितको फ्लेक्स प्रिण्ट गरेर १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरमा निर्माण गरिएको स्तम्भ तथा १ नम्बर प्रदेश अन्तर्गतरहेका इलाका प्रहरी कार्यालय ‘क’ स्तरसम्मका प्रहरी कार्यालयहरुमा १ महिना सम्मराखिदै आईएको छ ।

## लागुऔषध सहित तीन पक्राउ

बिराटनगर । मोरङको बेलबारी नगरपालिका वडा नं. १० भाउन्ने चोक स्थित झापाली होटलबाट नियन्त्रित औषध सहित ३ जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा बेलबारी नगरपालिका १ का २४ बर्षीय रोमन राई, पथरीशनिश्चरे नगरपालिका ४ का २९ बर्षीय अनुप राई र पथरीशनिश्चरे नगरपालिका ४ कै २९ बर्षीय बिशाल राई रहेका छन् ।

मगलवार प्रहरी चौकी डागिहाटबाट खटिएको प्रहरी टोलीले झापाली होटलमा बसेका उनिलाई चेकजाँच गर्दा प्रमाडोल क्याप्सुल ७०० पिस, स्पास्पेन गोटी ७०० पिस फेला पारेको थियो ।

पक्राउ परेका तिनै जनालाई ईलाका प्रहरी कार्यालय बेलबारीमा ल्याई थप अनुसन्धान भईरहेको छ ।







# अवैध हतियार भरुवा बन्दुक संकलन अभियान शुरु



खोटाङ, । जिल्ला प्रशासन कार्यालय खोटाङले अवैध हातहतियार (भरुवा बन्दुक) सङ्कलन अभियान सुरु गरेको छ ।

वन्यजन्तुको चोरी शिकारी तथा जिल्लामा हुनसक्ने आपराधिक क्रिलयाकलाप नियन्त्रण गर्ने उद्देश्यका साथ प्रशासनले अवैध हतियार सङ्कलन अभियान सुरु गरेको हो ।

प्रशासनले सुरु गरेको अभियानअन्तर्गत बिहीबार मात्रै ऐँसेलुखर्क गाउँपालिका वडा नं. ४ जलेश्वरीका स्थानीय बासिन्दाको घरबाट १७ थान अवैध भरुवा बन्दुक सङ्कलन गरिएको प्रमुख जिल्ला अधिकारी मित्रलाल शर्माले जानकारी दिएको छ ।

प्रशासनले सुरु गरेको अभियानलाई सहयोग गर्न जलेश्वरीका स्थानीय बासिन्दाले आफ्नो घरमा राखेका अवैध भरुवा बन्दुक आफैंले प्रशासनमा ल्याएर बुझाएको प्रजिअ शर्माको भनाई छ

अभियानमा अवैध हात हतियार बुझाउने नागरिकलाई पुरस्कृत गरिनेसमेत प्रजिअ शर्माले जानकारी जानकारी गराएका थिए । अभियानमा सङ्कलन गरिएका अवैध भरुवा बन्दुक जिल्ला प्रहरी कार्यालय खोटाङमा सुरक्षित राखिने प्रशासनमा आयोजित पत्रकार सम्मेलन गरी जानकारी दिएका थिए ।

सङ्कलित भरुवा बन्दुक जिल्ला समन्वय समिति खोटाङका प्रमुख बबि चाम्लिङ, दिक्तेल रूपाकोट मझुवागढी नगरपालिकाका नगरप्रमुख दीपनारायण रिजाल, जिल्ला प्रहरी कार्यालय खोटाङका प्रमुख प्रहरी नायब उपरीक्षक उमेश लम्साल, लगायतको उपस्थितिमा सार्वजनिक गरिएको थियो ।

## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

# घरमै दाँत सफा गर्ने सरल विधी



हाम्रो व्यक्तित्वमा दाँतको खास भूमिका हुन्छ । मिलेका दाँतका पंक्ति सौन्दर्यकै एक हिस्सा हो । साथसाथै यसको साइनो स्वास्थ्यसँग पनि जोडिएको छ । दाँत राम्रो, बलियो, स्वस्थ छ भने कुनै पनि खानेकुरा राम्ररी चपाउन सकिन्छ, जो पचाउनका लागि सहज हुन्छ । यद्यपि दाँतको स्वास्थ्यमा हामी उति ख्याल गर्दैनौं, जसले दाँत कमजोर हुन्छ । पहेंलिन्छ । फोहोर जम्छ ।

दाँत किन कमजोर र फोहोर हुन्छ ?

हामीले खाएका खानेकुराहरु दाँतले चपाउनुपर्ने भएकाले त्यसको केही अंश दाँतमै रहन्छ । कति खानेकुरा दाँतको चेपमा अल्झिएर बस्छ । यदि खानेकुरा खाएपछि राम्ररी मुख कुल्ला वा ब्रस नगर्दा त्यस्ता बस्तु दाँतभित्रै सड्न थाल्छ । यसले दाँतमा संक्रमण हुन्छ । दाँत पहेंलो वा फोहोर हुन्छ । चुरोट, खैनी, मदिरा, गुट्खा, पान आदि सेवन गर्दा पनि त्यसले प्रत्यक्ष रुपमा दाँतलाई हानि गर्छ ।

दाँत सफा गर्दा केमिकलको खतरा

दाँत सफा गर्नका लागि अहिले कति रसायनले पनि प्रयोग गरिन्छ, जसले दाँतलाई झन कमजोर बनाउँछ । यसले दाँतको प्राकृतिक इनामेल पनि नष्ट गर्छ र संक्रमणको खतरा बढाउँछ ।

अहिले डेन्टल चिकित्सा अन्तर्गत डेन्टल ब्लिचिङबाट दाँतको पहेंलोपन, फोहोर हटाउने गरिन्छ । यो केही प्रकारको हुन्छ ।

यसरी पनि सफा गर्न सकिन्छ

डेन्टल ब्लिचिङको कुनै साइड इफेक्ट हुँदैन र यसले दाँतमा प्रतिकूल असर गर्दैन । यद्यपि यो विधि अपनाइसकेपछि केही सावधानी अपनाउनु पर्छ । ब्लिचिङ गरे लगत्तै चिकित्सकले दिएको क्रिम लगाउनु पर्छ । ब्लिचिङ गर्दा दाँतको सेन्सिभिटी बढ्न सक्छ, यद्यपि यो अस्थायी हुन्छ । त्यसैले केही समयसम्म चिकित्सककै सल्लाह अनुसार खानपानमा सतर्कता अपनाउनुपर्छ ।

घरेलु विधि

-दाँत सफा राख्न, चम्किलो बनाउन, स्वस्थ एवं बलियो बनाउन अस्पताल नै धाउनुपर्छ भन्ने छैन । घरमै उपलब्ध सामग्रीको प्रयोगबाट पनि दाँत सफा राख्न सकिन्छ ।

-घरआँगनमा पाइने तुलसीमा दाँतको पहेंलोपन हटाउने विशेष क्षमता हुन्छ । यसले तपाईंको दाँत तथा मुखको रोग पनि ठीक गर्छ । तुलसीको पात सुकाएर पाउडर बनाउने, त्यसलाई टुथपेस्टमा मिलाएर ब्रस गर्नुपर्छ ।

-सुन्तलाको बोक्रा र तुलसीको पातको मिश्रण पनि उपयोगी हुन्छ । दुवैलाई सुकाएर पाउडर बनाउनुपर्छ । यही पेस्टले ब्रस गर्ने तथा दाँतमा मसाज गर्नुपर्छ । यसमा रहेको भिटामिन सि र क्याल्सियमले दाँत चम्किलो बनाउँछ ।

-नीमको उपयोग प्राचीनकाल बाटै दाँत सफा गर्नका लागि गरिन्थ्यो । नीमले दाँत सफा बनाउने र दाँतको व्याक्टेरिया नष्ट गर्ने क्षमता राख्छ ।

## पार्टी...

२०५९ मा देउवा प्रधानमन्त्री थिए। उनलाई संकटकाल नथप्न पार्टीको निर्देशन थियो। तर देउवाले अटेर गरेको भन्दै पार्टी सभापति गिरिजाप्रसादले कारबाही गरे। उनले २०५९ असारमा पार्टी विभाजन गरी कांग्रेस प्रजातान्त्रिक गठन गरे।२०६४ मा कांग्रेसबीच पुन: पार्टी एकता भयो। संसद् विघटन गरी२०५१ सालमा मध्यावधि निर्वाचन गर्नेकोइरालाको निर्णयप्रति गणेशमान सिंह असन्तुष्ट बने। उनले २०५१ को निर्वाचनमा देशैभर विद्रोही उम्मेद्वार खडा गरे। उक्त चुनावबाट एमाले ठूलो पार्टी बन्यो ।

**मधेसी दल : सत्ताको लोभमा फुट्ने**

अधिकारको नाममा सबै जुट्छन्, सत्ताको लोभमा टुक्रा-टुक्रामा फुट्छन्। मधेसी दलको बीस वर्षको विगतलाई नियाल्दा उनीहरूको प्रवृत्ति छेपाराको जस्तै छ- छिनछिनमै रंग बदलिरहने। मधेसवादी दलहरू सत्ता स्वार्थका कारण बदनाम बन्दै आएको छ। जसको गतिलो उदाहरणको रूपमा जनता समाजवादी पार्टीको फुटले छर्लङ्ग पार्छ। जसपालाई फोडेर महन्थ ठाकुरले बुधबार नयाँ पार्टीको रूपमा जसपा नेपाल (लोकतान्त्रिक) जन्माएका छन् ।

दुई कित्तामा विभक्त रहेको राजपा र समाजवादी पार्टी रातभरमा जनता समाजवादी पार्टी (जसपा)को नाममा एक ढिक्का बन्यो। राजपाका महन्थ ठाकुर पक्षलाई फकाएर सत्तामा लग्यो। उनी सरकारमा जानु नै जसपामा फुटको बिजारोपणको कारण बन्यो। ठाकुरले नयाँ दल जसपा नेपाल ( लोकतान्त्रिक) खोलेका छन्। २०६२/६३ मा भएको राजतन्त्रविरुद्धको आन्दोलनमा १९ जना सहिद भए। मधेसको अधिकारवादी आन्दोलनमा १६५ जनाले बलिदानी दिइसकेका छन्। नौ वर्षको अन्तरालमा तीनवटा मधेस आन्दोलन भए। यसैको बलमा नेताहरू मन्त्री भए तर मधेसको मुद्दा अझै अलपत्र छ ।

मधेसी दलको पहिचान र शक्ति मधेस नै हो। तर, उनीहरू मधेसलाई स्वार्थका लागि ठगिरहेका छन्। २०४६ सालमा नेपाली कांग्रेस त्यागेर गजेन्द्रनारायण सिंहले सद्भावना परिषद् खोले। मधेसमा भइरहेको विभेदविरुद्ध मूल पार्टीहरूले काम नगरेको भन्दै उनले कांग्रेस त्यागेका थिए। २०४७ सालमा देशमा बहुदल आयो। परिषद् फेरिए नेपाल सद्भावना पार्टी भयो। संघीयता यसको मुल एजेण्डा थियो। स्वार्थपिच्छे टुटफुट हुँदै २०५८-२०७० सम्म उक्त पार्टी नौ टुक्रा भयो ।

सत्तामा नेताहरू पुगेपछि मधेस मुद्दा बिर्सेको आधारशिलामै २०५४ सालमा उपेन्द्र यादव (जसपा अध्यक्ष)ले मधेसी जनअधिकार फोरम नामको संस्था खोले। अन्तरिम संविधानमा संघीयता जस्ता विषय नराखेको भन्दै यादवले माइतीघरमा संविधानको प्रतिलिपि जलाए। आन्दोलन चर्कियो । २०६४ वैशाखमा मधेसी जनअधिकार फोरमले दलका रूप लियो। उता कांग्रेसबाट ठाकुर बाहिरिएर २०६४ सालमै तराई मधेस लोकतान्त्रिक पार्टी खोले। यादव र ठाकुर नेतृत्वको मधेसवादी दल २०६४-०७८ सम्म कहिले जुटे त कहिले फुटे। २०७४ वैशाखमा ६ वटा मधेसकेन्द्रित दलबीच एकता भएर राष्ट्रिय जनता पार्टी (राजपा) गठन भयो ।

सत्ताको भोक चरम सीमामा पुगेपछि दलहरू फुटको संघारमा पुग्ने गरेको छ। २०७७ मा यादव नेतृत्वको समाजवादी पार्टी र राजपाबीच एकता भई जनता सामाजवादी पार्टी (जसपा) बन्यो। जसपा फोडेर ठाकुरले २०७८ भदौ २ मा जसपा नेपाल (लोकतान्त्रिक) गठन गरेका छन्। यो दल पनि फुट्ने उतिकै सम्भावना छ । अन्पुर्णपोष्टबाट

